पोखरा उपत्यका साइडसिन घुम्न जाऔं
घुमाउने ठाउँहरु
बेगनास–रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय
बिहान ९:३० बजे

सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ३० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ माघ ३० गते बुधबार ❑ 12 Feb. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## कृषि उद्यमबाट तीन हजारबढी स्वरोजगार

**पोखरापत्र संवाददाता**
पोखरा, २९ माघ

व्यावसायिक कृषि तथा पशुपक्षी फार्मबाट गण्डकी प्रदेशका तीन हजार नौ सय १४ जना उद्यमी स्वरोजगार बनेका छन् । पछिल्लो सात वर्षमा स्थापना भएका तीन हजार तीन सय २० वटा कृषि तथा पशुपक्षी फार्मबाट स्वरोजगार बन्नेको किसानको सङ्ख्या बढेको हो । गण्डकी प्रदेश सरकारले व्यावसायिक रूपमा कृषि उद्यम गर्ने किसानलाई कूल लागतको ५० प्रतिशत अनुदान दिँदै आएको छ।

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका अनुसार वार्षिक रू १५ करोडभन्दा बढी बजेट कृषि तथा पशुपक्षी फार्ममा लगानी हुँदै आएको छ । व्यावसायिक कृषिमा लागेका किसानलाई अनुदान र प्रोत्साहन सहयोग कार्यक्रम सञ्चालन हुँदै आएको मन्त्रालयका सचिव वासुदेवी रेग्मीले जानकारी दिनुभयो । किसान अनुदान र प्रोत्साहनमा बर्सेनि बजेटको ठूलो हिस्सा खर्च हुने गरेको उहाँको भनाइ छ । कृषि अनुदानको दुरूपयोग भएको जनगुनासो बढ्न थालेपछि मन्त्रालयले पछिल्लो समय उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रमलाई जोड दिएको छ । वास्तविक व्यावसायिक किसान पहिचान गरी प्रोत्साहन रकम उपलब्ध गराइएको सचिव रेग्मीले बताउनुभयो । मन्त्रालयले विपन्न बस्तीमा जीविकोपार्जनका लागि बाख्रापालन, भकारो सुधार, खोर सुधारलगायत कार्यक्रममा सहयोग गरेको छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत पनि कृषिमा उद्यमशीलता प्रवर्द्धनको कार्यक्रम सञ्चालन भइरहेको छ। उक्त परियोजनाअन्तर्गत प्रदेशमा हालसम्म पुराना र नयाँ गरी चार सय ५९ वटा 'पकेट' र तीन सय नौ वटा ' ब्लक' स्थापना भई कृषि पूवाधार विकास, क्षमता अभिवृद्धि, रोजगारी सिर्जना र किसानको आम्दानीमा वृद्धि भएको मन्त्रालयले जनाएको छ। तरकारी खेतीका लागि प्रोत्साहन, बाँझो जग्गामा खेती प्रवर्द्धन, बिज वृद्धि, रैथाने बाली संरक्षण, कृषि उद्यम विकासलगायतका कार्यक्रम मन्त्रालयको प्राथमिकतामा छन् । किसानलाई उन्नत बिउबिजन, गुणस्तरीय बेर्ना तथा आधुनिक प्राविधिक सेवा उपलब्ध गराउन स्रोत केन्द्र विस्तार गरिएको छ । बिउबिजन प्रयोगशाला, बाली संरक्षण प्रयोगशाला, माटो तथा मल परीक्षण प्रयोगशाला र भेटेरिनरी प्रयोगशालाको सुदृढीकरण गरिएको सचिव रेग्मीले जानकारी दिनुभयो । पशुपक्षीतर्फ बङ्गुर, बाख्रा, कुखुरापालनका लागि साना/ठूला गरी सात सय ९६ वटा आधुनिक खोर निर्माणमा सहयोग गरिएको उहाँले बताउनुभयो। उत्पादन र उत्पादकत्व वृद्धि गर्न घाँस खेती र पशुको उपचारमा सहयोग गरिएकको मन्त्रालयले जनाएको छ । चालु आवदेखि जलवायुमैत्री कृषि प्रविधि प्रवर्द्धन कार्यक्रम सञ्चालनमा ल्याइएको छ । मन्त्रालयले प्रदेशका हिमाली र उच्च पहाडी भेगमा उच्च घनत्व प्रविधिमा आधारित स्याउखेती विस्तारका लागि पनि किसानलाई अनुदान दिँदै आएको छ। एक हजार चार सय ७७ रोपनी क्षेत्रफलमा उच्च घनत्व प्रविधिमा आधारित स्याउ खेती विस्तार भएको छ । मुस्ताङ, मनाङ, बागलुङ, गोरखालगायत हिमाली र उच्च पहाडी भेगका किसान उक्त प्रविधिको स्याउ खेतीमा आकर्षित भएका हुन् । हिमालपारिको जिल्ला मुस्ताङ र मनाङसँगै बागलुङको ढोरपाटन, गोरखाको चुमनुब्री, म्याग्दीको गुर्जालगायतका ठाउँमा पनि उच्च घनत्व प्रविधिमा आधारित स्याउखेती गरिएको सचिव रेग्मीले जानकारी दिनुभयो । मन्त्रालयले स्याउखेती विस्तार तथा व्यवसायीकरण आयोजना र शितोष्ण फलफूल विस्तार तथा व्यवसायीकरण आयोजनामार्फत किसानलाई सहयोग गर्दै आएको उहाँले बताउनुभयो । मुस्ताङ र मनाङलाई मुख्य रूपमा केन्द्रित गरी स्याउखेती विस्तारको आयोजना सञ्चालन गरिएको हो।

## सङ्घीय अस्पतालाई प्रदेश सरकारको सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, २९ माघ

गण्डकी प्रदेशको स्वास्थ्य मन्त्रालयले पोखरास्थित सङ्घ सरकार मातहतको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा प्रसूति सेवा लिने महिलालाई पोसिलो खाना र खाजाका लागि सहायता प्रदान गर्दै आएको छ।

प्रादेशिक स्वास्थ्य निर्देशनालयका महानिर्देशक खिमबहादुर खड्काले नवजात शिशुका आमाहरूको स्वास्थ्य अवस्थालाई दृष्टिगत गरी यस वर्ष रू ४० लाख उपलब्ध गराइएको जानकारी दिनुभयो। "विशेष कार्यक्रमअन्तर्गत उक्त सहयोग उपलब्ध गराइएको हो, आगामी वर्षको बजेटमा पनि यसल प्राथमिकता पाउँछ", उहाँले भन्नुभयो, "अनुगमनका गर्दा कार्यक्रम प्रभावकारी भएको पाइएको छ, सुत्केरी आमाहरू सन्तुष्ट हुनुहुन्छ ।" उहाँले स्वास्थ्य क्षेत्रका समस्या तीनै तहका सरकारको प्राथमिकतामा पर्नुपर्ने बताउनुभयो । सङ्घ सरकारअन्तर्गतको अस्पताल भए पनि प्रदेशवासीले लाभ लिने हुँदा त्यसमा लगानी गर्नु प्रदेश सरकारको पनि दायित्व हुने महानिर्देशक खड्काको भनाइ छ । नागरिकलाई स्वास्थ्य सेवा उपलब्ध गराउने विषयमा सङ्घ, प्रदेश र स्थानीय सरकारको अधिकार क्षेत्र भनेर कोही पनि खुम्चेर बस्न नहुने उहाँले बताउनुभयो । स्वास्थ्य मन्त्रालयले विगत तीन वर्षदेखि सुत्केरी आमाहरूका लागि पोषिलो खाना र खाजाका प्रबन्धका लागि उक्त सहयोग गर्दै आएको छ । "प्रदेशमै सबैभन्दा धेरै सुत्केरी हुने अस्पताल भएको र नवजात शिशुका आमाहरूलाई पोसिलो आहारको समस्या देखेपछि हामीले विशेष निर्णय गरेर उक्त सहयोग दिन सुरू गरेका हौँ", महानिर्देशक खड्काले भन्नुभयो । मन्त्रालयका अनुसार वार्षिक झण्डै नौ हजार शिशुले उक्त अस्पतालमा जन्म लिने गर्छन् । गर्भवती तथा सुत्केरी महिलालाई लक्षित गरी मन्त्रालले अन्य कार्यक्रम पनि सञ्चालन गर्दै आएको छ । विद्युतीय प्रणालीबाट गर्भवती आमा र शिशुको स्वास्थ्य अनुगमन गर्ने गरिएको छ। स्थानीय तहको साझेदारीमा पूर्वप्रसूति र उत्तर प्रसूति सेवाका लागि घरघरमा स्वास्थ्यकर्मी सेवा कार्यक्रम सञ्चालन गरिएको जनाइएको छ । जोखिममा परेका गर्भवती र सुत्केरी महिलाई हवाई उद्धारका लागि कार्यविधि बनाएर कार्यान्वयनमा ल्याइएको मन्त्रालयले जनाएको छ। गर्भवती महिलाका लागि ग्रामिण अल्ट्रासाउण्ड सेवालाई स्थानीय तहको समन्वयमा थप विस्तार गरिएको छ । हालै बागलुङको गलकोट नगर अस्पतालमा आकस्मिक प्रसूति तथा नवजात शिशु सेवा सुरू गरिएको निर्देशनालयका महानिर्देशक खड्काले जानकारी दिनुभयो।

## उच्च घनत्व प्रविधिमा आधारित स्याउखेती विस्तार

**पोखरापत्र संवाददाता**
पोखरा, २९ माघ

गण्डकी प्रदेशमा एक हजार चार सय ७७ रोपनी क्षेत्रफलमा उच्च घनत्व प्रविधिमा आधारित स्याउखेती विस्तार गरिएको छ । मुस्ताङ, मनाङ, बागलुङ, गोरखालगायत हिमाली र उच्च पहाडी भेगका किसान उक्त प्रविधिको स्याउखेतीमा आकर्षित भएका हुन् । कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले स्याउ बगैँचा विस्तारमा किसानलाई सघाउँदै आएको छ । मुस्ताङ र मनाङ स्याउखेतीका लागि उपयुक्त क्षेत्र मानिन्छ।

बागलुङको ढोरपाटन, गोरखाको चुमनुब्री, म्याग्दीको गुर्जालगायतका ठाउँमा पनि उच्च घनत्व प्रविधिमा आधारित स्याउखेती गरिएको मन्त्रालयका सचिव वासुदेव रेग्मीले जानकारी दिनुभयो । मन्त्रालयले स्याउखेती विस्तारतथाव्यवसायीकरणआयोजना र शितोष्ण फलफूल विस्तार तथा व्यवसायीकरण आयोजनामार्फत किसानलाई सहयोग गर्दै आएको उहाँले बताउनुभयो । उहाँका अनुसार मुस्ताङ र मनाङलाई मुख्य रूपमा केन्द्रित गरी स्याउखेती विस्तारको आयोजना सञ्चालन गरिएको हो।

अन्य जिल्लाका उच्च पहाडी भेगका किसानले पनि पछिल्लो समय व्यावसायिक स्याउखेती सुरु गरेका छन्। मन्त्रालयले स्याउखेती र शितोष्ण फलफूल विस्तारमा बर्सेनि ठूलो बजेट खर्च गर्दै आएको छ। किसानलाई स्याउका बिरुवामा उपलब्ध गराउने गरिएको सचिव रेग्मीले बताउनुभयो।

शितोष्ण फलफूल विस्तार आयोजनाअन्तर्गत पाँच सय २७ रोपनी क्षेत्रफलमा ओखर बगैँचा र छ हेक्टर क्षेत्रफलमा खुर्पानी बगैँचा विस्तार गरिएको छ । विस्तार गरिएको स्याउ तथा अन्य फलफूलखेतीबाट वार्षिक करोडौँ रुपैयाँ आम्दानी भइरहेका छ भने छ सय जनाभन्दा बढी रोजगारीमा जोडिएको मन्त्रालयले जनाएको छ । स्याउका लागि मुस्ताङमा एक सय टन क्षमताका दुई वटा चिस्यान केन्द्र पनि निर्माण गरिएको कृषि ज्ञानकेन्द्र मुस्ताङका कृषि अधिकृत दिलीप नेपालीले जानकारी दिनुभयो । उहाँका अनुसार थासाङ गाउँपालिकाको टुकुचे र घरपझोङ गाउँपालिकाको मार्फामा चिस्यान केन्द्र निर्माण गरिएको हो । लोमान्थाङ गाउँपालिकाबाहेक मुस्ताङका चारै गाउँपालिमा उच्च घनत्वमा आधारित स्याउखेती विस्तार गरिएको छ। किसानले बिरुवामा ७५ प्रतिशत र खेती व्यवस्थापनमा ५० प्रतिशत अनुदान पाउने गरेका छन् । उच्च घनत्वको आधुनिक प्रविधिको स्याउखेतीतर्फ किसानको आकर्षण बढेपछि मुस्ताङमा मुस्ताङमा स्याउको क्षेत्रफल विस्तार भएको हो। रैथाने जातभन्दा उच्च घनत्वको स्याउका बोट होचो र हाँगाबिँगा कम हुने हुँदा बगैँचा व्यवस्थापन गर्न पनि सजिलो हुने कृषि अधिकृत नेपालीले बताउनुभयो । छिटो र धेरै उत्पादन दिने भएपछि उक्त प्रविधिको स्याउखेतीतर्फ किसान आकर्षित भएका हुन् । उच्च घनत्वको स्याउखेतीका लागि एउटै बिरुवाको रु एक हजारदेखि रु एक हजार दुई सयसम्म मूल्यपर्ने जनाउँदै केन्द्रका कृषि अधिकृत नेपालीले बताउनुभयो।

बगैँचा व्यवस्थापन पनि खर्चिलो भएकाले सरकारले थप अनुदान सहुलियत दिनुपर्ने किसानको माग छ। उक्त प्रविधिको स्याउखेती एक दशकअघि मात्र नेपाल भित्रिएको थियो। गण्डकी प्रदेशमा सुरुमा मनाङबाट उच्च घनत्व प्रविधिमा आधारित स्याउखेती सुरु गरिएको थियो। यो स्याउका बिरुवा इटालीदेखि नेपाल भित्र्याइएको थियो। थोरै जग्गामा पनि धेरै बिरुवा लगाउन सकिने तथा छिटो र धैरै फल दिने हुँदा यो स्याउखेती फस्टाउँदै गएको हो। गाला, फुजी, गोल्डेनलगायत जातका स्याउखेती हुँदै आएको छ । एउटा स्याउको बोटले २५ वर्षसम्म उत्पादन दिने कृषि अधिकृत नेपालीले बताउनुभयो।

## व्यवसायीको माग सम्बोधनका लागि अध्यादेश: मुख्यमन्त्री

**पोखरापत्र संवाददाता**
पोखरा, २९ माघ




गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले आर्थिक विकासका लागि राजनीतिक स्थायित्व आवश्यक भएकाले वर्तमान अवस्थामा काँग्रेस र एमालेको सरकार बनेको बताउनुभयो । सरकारमा स्थायित्व भएकाले व्यवसायीक हकहितका लागि अध्यादेश ल्याएको पनि उहाँले बताउनुभयो।

नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेशको आठौं प्रदेश सभाको पोखरामा उद्घाटन गर्दै उहाँले व्यवसाय क्षेत्रको संर्वद्धन र प्रवर्द्धनको लागि अध्यादेश ल्याएको बताउनुहुदै व्यवसायीलाई लगानीमैत्री वातावरण सृजना भएको दाबी समेत गर्नुभयो । मुख्यमन्त्री पाण्डेले प्रदेश सरकारले निजी क्षेत्रको सम्बर्द्धन र प्रवर्द्धनका लागि प्रदेश सरकारले पनि व्यवसायीको आवश्यकताअनुरुप कानून ल्याउन र भएका कानूनसमेत संशोधन गर्न तयार रहेको बताउनुभयो।

गण्डकी प्रदेशमा लगानीका लागि निजी क्षेत्रलाई आकर्षित गर्न र लगानीको पूर्ण सुरक्षा गर्न पनि सरकार तयार रहेको बताउनुभयो।

उहाँले लगानीको सुरक्षा र सुनिश्चितता तथा लगानीकर्ताको प्रतिफलका लागि सरकारले सहयोग गर्ने आश्वासन दिनुभयो । उहाँले प्रदेश सरकारले पुँडिटार र लोकाहाखोलामा औद्योगिक ग्राम संचालनमा ल्याउने बताउनुहुदै प्रदेश सरकारले कृषि, पर्यटन र उद्योगलाई जोड दिएको बताउनुभयो। गण्डकी प्रदेशका पूर्व मन्त्री एवं प्रदेश सभा सदस्य सरस्वती अर्यालले व्यवसायीका साझा एजेण्डा सम्बोधन गरी अगाडि बढाएमा प्रदेश सरकारले छलफल गरी पूरा गर्ने आश्वासन दिनुभयो।

नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष हेमराज ढकालले पाथिभरामा केबलकार निर्माणमा भएको अवरोधले निजी क्षेत्र लगानी गर्न तर्सिएको बताउनुभयो। त्यसैगरी, महासंघका अर्का उपाध्यक्ष सुरथकृष्ण वैद्यले बैंकले व्याज घटाए पनि पुराना ऋणीको ब्याज घट्न नसकेकोमा चिन्ता व्यक्त गर्नुभयो। नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष आनन्दराज मुल्मीले निजी क्षेत्र अझै गतिशील हुन नसकेको बताउँदै सरकारले पुँजीगत खर्च गर्न नसक्दा पनि मुलुकको आर्थिक सूचक सन्तोषजनक नभएको बताउनुभयो । उहाँले सम्पत्ति शुद्धीकरणको विधेयक पास हुन नसक्दा भ्रष्टाचार न्यूनीकरण र सुशासन प्रत्याभूति हुन नसक्दा मुलुकको आर्थिक स्थिति धराशयी बन्न सक्ने बताउनुभयो । महासंघ गण्डकी प्रदेश अध्यक्ष अमृत भट्टचनको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल पत्रकार महासंघ गण्डकी प्रदेश अध्यक्ष रमेश पौडेलले निजी क्षेत्र अप्ठेरो अवस्थामा परिरहँदा अन्य क्षेत्र पनि प्रभावित भएको बताउनुभयो । उहाँले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको एउटामात्र निर्णयले विश्वको आर्थिक बजारमै हलचल आएको बेला राजनीतिक क्षेत्रबाट गरिने निर्णयमा विचार पुऱ्याउनुपर्नेमा सुझाव दिनुभयो । कार्यक्रममा उत्कृष्ट जिल्ला नगरमा गैंडाकोट र एसोसिएटमा सूर्य नेपाल प्रालिलाई मुख्यमन्त्री पाण्डेले सम्मान गर्नुभएको थियो । सो अवसरमा संस्थापक अध्यक्ष सञ्जीवबहादुर कोइराला, महासचिव सूर्य भुजेल, गण्डकी प्रदेश सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयका उपसचिव तोयनाथ लम्साल, लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष विनोद श्रेष्ठ, महिला उद्यमी सीता गुरुङ लगायत उद्योगी व्यवसायीले उद्योग व्यवसाय र लगानी प्रवर्द्धनबारे बोल्नुभएको थियो।



# विरेन स्मृति कपमा 'गन्नी एफसी' च्याम्पियन

पोखरापत्र संवाददाता
पोखरा, २९ माघ

पोखरा महानगरपालिका-१ टुंडिखेलमा सम्पन्न आठौं विरेन स्मृति एवम् १८ औं बिटी कप सेभेन ए साइड खुल्ला फुटबल प्रतियोगितामा गन्नी एफसी च्याम्पियन बनेको छ।

'हामी एक हौं' भन्ने नारासहित सामाजिक क्षेत्रमा क्रियाशिल बुद्धटोल युवा क्लबले आयोजना गरेको प्रतियोगिताको फाइनल खेलमा रामघाटलाई १-० गोल अन्तरले पराजित गर्दै गन्नी एफसी च्याम्पियन बनेको हो । गन्नीको जीतमा विकास परियारको गोलनै निर्णायक बन्यो । च्याम्पियन बनेको गन्नी एफसीले नगद रु १ लाख ८१ हजार १ सय ११, शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्यो ।

यस्तै उपविजेता बनेको रामघाटले नगद १ लाख ११ हजार १ सय ११ रुपैयाँसहित ट्रफी मेडल र प्रमाणपत्र हात पार्यो ।




सो प्रतियोगिताबाट सर्वोत्कृष्ट खेलाडी घोषित हुँदै गन्नी एफसीका विकास परियारले साइकलसहित ट्रूफि प्राप्त गरे । यस्तै उत्कृष्ट गोलरक्षकका रुपमा सोही टिमकै दिप कार्की, उत्कृष्ट डिफेन्डरका रुपमा गन्नी एफसीकै हेमन्त तामाङ ट्रूफिसहित नगद रु ७ हजारसहित पुरस्कृत बने ।

यस्तै उदीयमान खेलाडीका रुपमा छोरी सुशानका अंकित गुरुङ, सर्वाधिक गोलकर्ताका रुपमा बिगसिटी क्याफे लेकसाइडका आयुष थापा (६ गोल) नगद रु ७ हजारसहित ट्रूफिसहित पुरस्कृत भए । अनुशासित टिमको अवार्डबाट नगद रु ९ हजारसहित केआइइसी बुन एफसीलाई पुरस्कृत गरिएको खेल संयोजक सन्तोष गुरुङले जानकारी दिए । विजेता तथा उपविजेता टिमका खेलाडीहरुलाई समापन समारोहका प्रमुख अतिथिसमेत रहेका उद्यमी किरण केसी, पुरस्कारदाताहरु, आयोजकसंस्थाकासल्लाहकारहरु लगायतले पुरस्कार वितरण गरेका थिए । गत संस्करणको उपाधि भने लामागाउँ गुम्बाले जितेको थियो ।

# उज्विकिस्तानको ब्ल्याक बुल्स क्लव आहा रारा पोखरा गोल्ड कपको सेमिफाइनलमा

पोखरापत्र संवाददाता
पोखरा, २९ माघ

पाहुना टोली उज्विकिस्तानको ब्ल्याक बुल्स फुटवल क्लव पोखरामा जारी २४ औं सस्करणको आहा रारा पोखरा गोल्ड कप फुटवल प्रतियोगिता २०८१ को सेमिफाइनलमा प्रबेश गरेको छ ।

पोखरा रंगशालाको फुटवल मैदानमा मंगलबार भएको अन्तिम तथा चौथो क्वाटरफाइनल खेलमा पाहुना टोली भारत सिक्किमको थन्डर नर्थ यूनाइटेड फुटवल क्लवलाई ३–० को गोल अन्तरले पराजित गर्दै ब्ल्याक बुल्स सेमिफाइनलमा यात्रा तय गरेको हो । ब्ल्याक बुल्सको जितमा इस्लोम्जोम अब्दुकोडिरोभ, सइदजामोल दवलतजोनोभ र शभकात्जोन सत्तोरोभले एक/एक गोलकोयोगदानदिनुभयो।खेलको ३८ औं मिनेटमा डि एरियामा पाएको वललाई इस्लोम्जोमले दोश्रो बार च्याप्दै प्रहार गरेको




वलले जाली चुमेको हो। खेलको ७३ औं मिनेटमा सइदजामोलले करिब १८ यार्ड नजिक पाएको वललाई सिधै पोष्ट चार्ज गर्दा २–० को अग्रता दिलाउनु भयो। खेलको ७५ औं मिनेटमा शभकात्जोनले धुलमुलमा गोल गरी गोल अन्तर फराकिलो बनाउनु भएको हो।

थर्न्डर नर्थले पाएका केही अवसर सदुपयोग गर्न नसक्दा यस बर्षको आहा रारा पोखरा गोल्ड कपको क्वाटरफाइनलबाट यात्रा छोट्याएको छ । थर्न्डर नर्थका फोफोना, मार्क ह्यारिसन, आर्दश तामाङ लगायतका प्रहार गोलमा परिणत हुन सकेन् । मंगलबारको खेलमा ब्ल्याक बुल्सका अलिजोन अलिजोनोभ म्यान अफ दी म्याच घोषितहुनुभयो।मंगलबारकोखेलमा उज्विकिस्तानका खेलाडीहरुले केही स्किल समेत प्रर्दशन गर्दा दर्शकले उज्विकिस्ताको समर्थमा हुटिङ गर्नु भएको थियो । ब्याक ब्ल्यूले २–० को अग्रता लिएसंगै दर्शकहरु बाहिरिन सुरु गर्नु भएको थियो। समुह बीमा रहेको भारत सिक्किमको थन्डर नर्थले संकटा क्लवलाई पराजित गर्दै क्वाटरफाइनलमा यात्रा बनाउदा ब्ल्याक बुल्सले सिधै वाई पाएर क्वाटरफइनलमा प्रबेश गरेको थियो।

यसैबिच, बुधबार पहिलो सेमिफाइनल खेल हुने भएको छ। बुधबार पहिलो सेमिफाइनल खेलमा समुह एको नेपाल पुलिस क्लव बिरुद्ध चर्च ब्वाईज यूनाइटेड बिच दिउँसो २:०० बजे पछि हुने भएको प्रतियोगिताका संयोजक पूर्ण बहादुर गुरुङले बताउनु भयो।

प्रतियोगिताको मुख्य प्रायोजक हिमश्री फुड्स प्रालिको उत्पादन रारा तयारी चाउचाउ रहेको छ।

# कास्की क्रिकेट लिग: पोखरा र सांग्रिलाको जित

पोखरापत्र संवाददाता
पोखरा, २९ माघ

सांग्रिला क्रिकेट क्लबले माछापुच्छ्रे क्रिकेट क्लबलाई ३८ रनले पराजित गरेको छ । टस जितेर व्याटिङ गरेको सांग्रिलाले निर्धारित २० ओभरमा ८ विकेटको क्षतिमा १२७ रन बनायो । सुदिप पौडेलले ४० रन बनाउँदै मध्यक्रममा उत्कृष्ट व्याटिङ गरेपछि सांग्रिलाले जितको लागि प्रतिस्पर्धात्मक लक्ष्य प्रस्तुत गरेको थियो।




कास्की जिल्ला क्रिकेट संघको आयोजनामा मंगलबार पोखरा क्रिकेट मैदानमा भएको प्रतिस्पर्धामा ओपनर विराट दुवाडीले पनि राम्रो शुरुवात गरे । २० रन बनाएका उनलाई सिब्रिन श्रेष्ठ भने १० रनमै आउट भएपछि पहिलो विकेटको लागि उनीहरुको साझेदारी टुट्यो । चौथो नम्बरका पौडेल र विपिन खत्रीले टोलीलाई उद्दार गरे । खत्रीले २५ रन बनाई एलबी डब्लु धरापमा परे । रितेश बरालले ३ र अभिषेक थापाले २ विकेट लिए । १२८ रनको लक्ष्य पछ्याएको माछापुच्छ्रे भने ८९ रनमा अलआउट हुन पुग्यो । पाँचौ नम्बरमा आएका व्याटर प्रमोद बास्तोलाले २० र छैटौं नम्बरका राजु छन्त्यालले १८ रन बाहेक अन्य व्यारटको प्रदर्शन दोहोरो अंकको रन बनाउनबाट चुक्न पुगे। कृष्ण भट्टराईले तीन र सिब्रिन श्रेष्ठ तथा राज परियारले समान दुई दुई विकेट लिए । खेलमा सुदिप पौडेल प्लयेर अफ दि म्याच घोषित भए । कास्की जिल्ला क्रिकेट संघको आयोजनामा सञ्चालित कास्की टी-२० क्रिकेट लिग अन्तर्गत मंगलबारको दोस्रो खेलमा खेलमा पोखरा क्रिकेट क्लबले राईजिङ क्रिकेट क्लबलाई १०३ रनको फराकिलो अन्तरले पराजित गरेको छ । टस जितेर व्याटिङ गरेको पोखरा क्रिकेट क्लबले ८ विकेटको क्षतिमा सुवास भण्डारीको अर्धशतकीय पारीमा १६५ रनको विशाल योगफल तयार पार्‍यो । भण्डारीले ३५ बल खेल्दै ६८ रन बनाए । ४ चौका र ६ छक्का उनको स्कोर कार्डमा लेखियो । त्यसअघि ओपनर मुस्कान थापाले २४ रन बनाए । अर्का व्याटर रोशन पौडेलले २० रनको योगदा दिए । विमलविक्रम खत्रीले तीन विकेट लिए । फराकिलो जितको लक्ष्य पछ्याएको राईजिङ भने ६२ रन बनाउँदा सबै विकेट गुमायो । स्पिनर सुवास भण्डारीले ३.५ ओभरमा १२ रन खर्चिएर ४ विकेट लिएपछि राईजिङको व्याटिङ अर्डर ध्वस्त हुन पुग्यो । लोकेन्द्र गहतराजले मात्रै दोहोरो अंकको रन बनाउने क्रममा १० रन प्रहार गरेका थिए। सुवास भण्डारी खेलमा प्लयेर अफ दि म्याच घोषित भए।

# सहारा आ.बि. मा सहारा युकेद्वारा लाईव्रेरी हस्तान्तरण

पोखरापत्र संवाददाता
पोखरा, २९ माघ

पोखरा ९ बसपार्कमा रहेको सहारा बाल आधारभूत विद्यालयमा सहारा यु.के ले पुस्तकालय हस्तान्तरण गरेको छ।

तीन लाख रुपैयाँ बरावरको आर्थिक सहयोगमा विद्यालयमा फर्निचर र पुस्तकहरु सहितको लाइव्रेरी स्थापना गरि हस्तान्तरण गरिएको हो । सहारा युकेका अध्यक्ष कृष्ण गुरुङ(कृष) को प्रमुख आतिथ्यतामा सम्पन्न भएको कार्यक्रमा विद्यालयका प्रधानाध्यपाक लोचना कुमारी अधिकारीले स्वागत मन्तव्य व्यक्त गरेकी थिइन् । मन्तव्यका क्रममा प्र.अ अधिकारीले विद्यालयको समग्र अवस्थिती, वर्तमान समित अध्यक्ष विक्रम थकाली को उपस्थितिले विद्यालयमा भएका सकरात्मक परिवर्तनहरु को जानकारी प्रदान गर्दै उपस्थित दाताहरु, अतिथीहरुलाई स्वागत व्यक्त गरेकी थइन् । कार्यक्रममा तमु धिं यु.के. का नवनिर्वाचित अध्यक्ष जुम काजि गुरुङ र खेलकुद पत्रकार मञ्च गण्डकीका नवनिर्वाचित अध्यक्ष एम. वि. आस्थालाई विद्यालयका अध्यक्ष र प्रधानाध्यापकले सामुहिक रुपमा स्वागत तथा बधाई व्यक्त गरेका थिए। सहारा क्लब पोखराका अध्यक्ष केशव राज बरालले कार्यक्रममा वोल्दै रिडिङ कल्चर विकासका लागी सहारा यु.के ले गरेको पुस्तकालय निकै सर्हानिय कार्य रहेको धारणा राखे । सोहि क्रममा पुस्तकालय खोजमुलक कार्यका लागि शिक्षक र विद्यार्थीहरुका लागि उपयोगी



हुनेमा खुशी व्यक्त गर्दै दाताहरुप्रति धन्यवाद व्यक्त गरे । कार्यक्रमका वक्ता एवम् विशेष अतिथी तमु धिं युकेका नवनिर्वाचित अध्यक्ष जुम काजी गुरुङले सिकारूलाई स्थानले फरक नपार्ने हुँदा सफल हुने लगनशिल र मिहनेती हुनुपर्नेबा वालबालिकाहरुलाई अपिल गर्दै आफू पनी सोही विद्यालयको नजिक रहेको पुरानो एयरपोर्टमा जन्मिएको हुँदा यस स्थानमा सवैले माया र ममता राख्नुपर्नेमा जोड व्यक्त गर्दै आगामि दिनमा सहयोगका साथ जोडिने प्रतिवद्दता समेत व्यक्त गरे।

पोखरा मनपा वडा नं ९ का वडा अध्यक्ष दिपेन्द्र मर्सानीके कार्यक्रममा वोल्दै सहारा युकेले निर्माण गरेको पुस्तकालयमा थप सहायता प्रदान गर्न स्थानीय तह विशेष गरि वडा कार्यालय हरबखत तयार रहेको वताए। सोही क्रममा मर्सानीले दाताहरुले स्वदेशप्रति माया र सद्भाव प्रकट गरि पोखरा ९ मा रहेको झण्डा पार्क, सार्वजनिक शौचालय स्थापनामा पुर्याउनुभएको योगदानलाई पनि स्मरण गरे । कार्यक्रमका प्रमुख अतिथी एवम् सहारा यु.केका अध्यक्ष कृष्ण गुरुङ (कृष)ले विद्यालयमा सहयोग प्रदान गर्न पाउँदा खुशी व्यक्त गर्दै यस कार्यक्रमलाई पूर्णता प्रदान गर्न सहयोग प्रदान गर्नुहुने सम्पूर्ण दाताहरुलाई स्मरण गरे । सोहि क्रममा निरन्तर रुमपा यस विद्यालयलाई सहयोग प्रदान गर्ने प्रतिवद्दता समेत व्यक्त गरेका गुरुङले विद्यालयका अध्यक्ष विक्रम थकालिको कार्यशैलिको खुलेरै प्रशंशा गरे । विद्यालयका शिक्षक सुदिप कोइरालाले सञ्चालन गरेको कार्यक्रमको समापनका क्रममा विद्यालयका अध्यक्ष एवम् कार्यक्रमका सभापती विक्रम थकालीले आफ्नो कार्यकालमा भएका कामहरु र सो कामहरुलाई पूर्णता दिन सहायत प्रदान गर्ने दातारुलाई स्मरण गरेका थिए। सहारा यु.के संस्थाले आफू र विद्यालयप्रति पूर्ण विश्वास गरि पुस्तकालय स्थापना गर्न सफल भएकोमा खुशी व्यक्त गर्दै बालबालिका र शिक्षकहरुले सन्दर्भ सामाग्री, मनोरञ्जन सामाग्री, लगाएत जानकारीमूलक किताबहरु अध्ययन गर्न पाउनेमा ढुक्क भए । सोहि क्रममा उनले उपस्थित प्रमुख अतिथी, विशेष अतिथी, कार्यक्रमका कोअर्डिनेटे सहारा युकेका उपाध्यक्ष शारदा प्रसाद गुरुङ, सहारा युकेका पूर्व अध्यक्ष, सल्लाहकारहरु, कार्यसमिति पदाधिकारीहरु, तमु धिं का अध्यक्ष, पूर्व अध्यक्ष, कार्यसमिति पदाधिकारिहरु, सहारा क्लब पोखराका पूर्व अध्यक्ष, मानार्थ सदस्य, सल्लाहकारहरु, कार्यसमिति पदाधिकारीहरु, सहयोगी दाताहरु, विद्यालयका सल्लाहकारहरु, समिति सदस्यहरु, पत्रकार, शिक्षक, विद्यार्थीहरु लाई हार्दिक धन्यवाद व्यक्त गरे । उक्त कार्यक्रमा अग्रज फोटो पत्रकार सुदर्शन रञ्जित, सिद्दी सेतुली प्रतिष्ठानका अध्यक्ष एवम् अग्रज पत्रकार दिपेन्द्र श्रेष्ठ, गोर्खा मिडियाका डाइरेक्टर मिलन तमू, एन आर एन यु.के का अध्यक्ष हितकाजी गुरुङ, हाम्रो खेलकुद डटकमका सम्पादक प्रकाश तिमिल्सेना र सुवास हुमागाँई लगाएत विभिन्न संघ संस्थाका अतिथीहरुको उपस्थिती रहेको थियो।

# बाँझापाटन समाजको अध्यक्षमा इन्द्रवहादुर र आमा समुहमा प्रेमकुमारी

पोखरापत्र संवाददाता
पोखरा, २९ माघ

पोखरा महानगरपालिका वडा नं १३ स्थित बाँझापाटन तमु समाजको ५३ औं वार्षिकोत्सव तथा १८ औं अधिवेशनले सु. इन्द्रवहादुर गुरुङको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ।

सोमवार भएको अधिवेशनले प्रथम उपाध्यक्षमा भिमसिंह गुरुङ, द्धित्तिय उपाध्यक्षमा लाल वहादुर गुरुङ, सचिवमा कुल प्रसाद गुरुङ, कोषाध्यक्षमा नासु देउ वहादुर गुरुङ, सह सचिवमा मेनकुमार गुरुङ कालु र सह कोषाध्यक्ष देवकुमार गुरुङ चयन गरेको छ । त्यसैगरी सदस्यहरु क्रमश नासु शेर जंग गुरुङ, नासु स्वर्ग वहादुर गुरुङ, होमवहादुर गुरुङ, तोप वहादुर गुरुङ, गणेश वहादुर गुरुङ, राजकुमार गुरुङ, चन्द्र वहादुर







गुरुङ, राजु गुरुङ, अर्जुन गुरुङ, पुनम गुरुङ र मनोज गुरुङ रहेका छन् ।

त्यसैगरी बाँझापाटन तमु समाजको आमा समुहको अध्यक्षमा प्रेम कुमारी गुरुङ, उपाध्यक्षमा पूर्ण कुमारी गुरुङ, सचिवमा चिजा गुरुङ र कोषाध्यक्षमा देवी गुरुङ चयन भएका छन्। त्यसेगरी सदस्यहरुमा क्रमश आइता कुमारी गुरुङ, रुद्र कुमारी गुरुङ, खुकुकुमारी गुरुङ, केशरी गुरुङ निसा गुरुङ, भक्ती गुरुङ, पञ्चकुमारी गुरुङ, हरिमाया गुरुङ, संगिता गुरुङ, कविता गुरुङ र लुविना गरुङ रहेका छन् । वडा नं १३ का वडा अध्यक्ष किरण वरालले अधिवेशनको उद्घाटन गरेका थिए ।

बाँझापाटन तमु समाजको अध्यक्ष नासु. कृष्ण वहादुर गुरुङको अध्यक्षमा भएको कार्यक्रममा सचिव कुल प्रसाद गुरुङले संचालन गरेका थिए।







फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आफुले कमाउनु भन्दा कम खर्च गर्ने गर ।
– पल क्लिथेरोई

## सम्पादकीय

# भ्रष्टाचार नियन्त्रण गर्ने प्रतिबद्धता जनाऊ

बढी भ्रष्टाचार हुने मुलुकमा नेपाल पनि कायमै रहेको छादुई तिहाइ देशहरु भ्रष्टाचार हुनेमा परेका छन् । सबैभन्दा कम भ्रष्टाचार हुने मुलुकमा डेनमार्क र सबैभन्दा बढी भ्रष्टाचार हुने मुलुकको सूचीमा साउथ सुडान देखिएको छ । ट्रान्सपरेन्सी इन्टरनेसन नेपालले सार्वजनिक गरेको भ्रष्टाचार अवधारणा सूचकाङ्क अनुसार एक सय ८० देश सम्मिलित सूचकाङ्कमा डेनमार्क विगत सात वर्षदेखि लगातार ९० अङ्क प्राप्त गरी सबैभन्दा कम भ्रष्टाचार हुने मुलुकका रूपमा रहेको छ । यस्तै, साउथ सुडान आठ अङ्क प्राप्त गरी यस वर्ष सबैभन्दा बढी भ्रष्टाचार हुने मुलुकमा दर्ज भएको छ ।

सूचकाङ्कमा एक सय अङ्कले अति स्वच्छ र शून्य अङ्कले अति भ्रष्ट जनाउँछ । सर्वेक्षण गरिएका मुलुकको औसत अङ्क यस वर्ष पनि ४३ नै कायम रहेको छ । कम अङ्क प्राप्त गर्नेमा कमजोर र द्वन्द्वप्रभावित मुलुकहरू रहेका छन् । विश्वव्यापी चासोको विषय रहेको जलवायु परिवर्तनसम्बन्धी अन्तरराष्ट्रियस्तरमा सक्रिय रहेका मुलुकहरूलेसमेत भ्रष्टाचार अवधारणा सूचकाङ्क सर्वेक्षणमा कम अङ्क प्राप्त गरेका देखिएको छ । नेपाल भ्रष्टाचार हुने मुलुकको एक सय सातौँ स्थानमा परेको ट्रान्सपरेन्सी इन्टरनेसन नेपालले जनाएको छ । नेपालले १०० अङ्कमा जम्मा ३४ अङ्क प्राप्त गरेको छ । यस नतिजाले भ्रष्टाचारविरुद्ध नेपालमा प्रभावकारी कामकारबाही अगाडि बढाउन आवश्यक छानेपालले अघिल्लो वर्ष ३५ अंक प्राप्त गरि १०८ औं स्थानमा थियो ।यश बर्ष ३४ अंक पाप्त गरेपनि १०७ औं स्थान हुनुमा अरु देशले सुधार गर्न नसक्दा हो । दक्षिण एसियाली मुलुकहरूमा भुटानले ७२ अङ्क, भारतले ३८ अङ्क, मालदिभ्सले ३८ अङ्क, नेपालले ३४ अङ्क, श्रीलङ्काले ३२ अङ्क, पाकिस्तानले २७ अङ्क, बङ्गलादेशले २३ अङ्क र अफगानिस्तानले १७ अङ्क प्राप्त गरेका छन् । छिमेकी चीनले ४३ अङ्क प्राप्त गरेको ट्रान्सपरेन्सी इन्टरनेसनलले जारी विज्ञप्तिमा उल्लेख छ ।

विश्व बैंक लगायत ६ वटा संस्थाले तयार गरेको सर्वेक्षणका आधारमा नेपालको सूचकांक तयार गरिएको हो । व्यापार व्यवसाय, ठेक्का पट्टा, दैनिक काममा घुस र भ्रष्टाचारको जोखिमको विषयलाई सर्वेक्षणको आधार बनाइएको थियो । सरकार, संसद्, न्यायपालिका लगायत सार्वजनिक क्षेत्रमा हुने भ्रष्टाचारको विषय सर्वेक्षणमा समेटिएको छ । तीन तहको सरकार सञ्चालन भएको ८ वर्ष भइसक्दासमेत भ्रष्टाचार नियन्त्रणमा प्रगति हुन नसकेको ट्रान्सपरेन्सीको निष्कर्ष छ ।

नेपाल भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको पक्षराष्ट्र भएको अवस्थामा कानुन संशोधन गरेर भए पनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिकालाई अझै फराकिलो बनाउनुपर्छ । सार्वजनिक पद धारण गरेका व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको देखिए कानुनबमोजिम अनुसन्धान गर्ने तथा त्यस्ता व्यक्तिले कानुनबमोजिम भ्रष्टाचार गरेको देखिएमा अदालतमा मुद्दा दायर गर्ने अधिकारले आयोगलाई संकुचित बनाएको छ ।

अख्तियारलाई अधिकार दिए न्यायाधीश, सेना, गैरसरकारी संस्था र निजी क्षेत्रमा भएको अख्तियारको दुरुपयोग सम्बन्धमा अनुसन्धान गर्नेछ । अधिकार दिएमा जनअपेक्षा अनुसार अख्तियारले काम गर्न सक्छ । आयोगको काठमाडौंको टङ्गालमा रहेको केन्द्रीय कार्यालयसहित आठवटा मातहतका कार्यालयबाट स्थानीय तहदेखि मन्त्रिपरिषद, संसद, अदालतमा भएको भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग एक्लैले सक्छ भन्ने अवस्था अहिलेलाई छैन। राजनीतिक प्रतिबद्धता र नागरिक खबरदारी भ्रष्टाचार नियन्त्रण गर्न सघाउ पुग्नेछ ।

# वडा स्तरीय खुल्ला पुरुष भलिबल प्रतियोगिताको तयारी पुरा



**पोखरापत्र संवाददाता**
पोखरा, २९ माघ

कास्की माछापुच्छे गाउँपालिका वडा न-९,सिधिङमा यहि माघ ३० गते देखि सञ्चालन हुने सविक वडा स्तरीय खुल्ला पुरुष भलिबल प्रतियोगिता -२०८१,को सम्पुर्ण तयारी पुरा भएको क्लबका अध्यक्ष सुक ब. तामाङले बताए ।

सिधिङ युनाईटेडले क्लबको वार्षिक उत्सवको अवसर पारेर प्रतियोगिता आयोजना गरेको हो । माछापुच्छे गाउँपालिका सामाजिक विकास समिति संयोजक एवं वडा न-९, का अध्यक्ष हरि ब. क्षेत्रीले स्थानियमा उत्साह उमंग देखिएको छ, त्यसैले प्रतियोगिताले समग्र माछापुच्छे गा.पाको खेलकुद क्षेत्रको विकास सँगै कला, संस्कार र संकृतिको जगेर्ना गर्ने विश्वास व्यक्त गरे । माघ ३० गते देखि फागुन ३ गते सम्म चल्ने प्रतियोगितामा प्रथम हुनेले नगद रु ८५ हजार, द्वितियले नगद रु ५० हजार र तृतीयले नगद रु ३० हजार र सान्त्वना हुनेले नगद रु २० हजार रुपैंया साथमा ट्रफि,मेडल र प्रमाण-पत्र प्राप्त गर्नेछन् । उत्कृष्ट खेलाडी,उत्कृष्ट स्पाइकर र उत्कृष्ट सेटरलाई नगद पुरस्कारका साथमा ट्रफी,मेडल र प्रमाणपत्र प्रदान गरिने खेल संयोजक याम क्षेत्री बताए । पुरुष भलिबल तर्फ दर्ता शुल्क रु ६ हजार रहेको छ । भेट्रान्स भलिबल प्रतियोगिता तर्फको विजेताले नगद रु ३०,००० र उप-विजेताले नगद रु २०,००० हजार साथमा ट्रफी,मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । भेट्रान्स तर्फ दर्ता शुल्क नगद रु ३ हजार रहेको छ । कार्यक्रमको अन्य आकर्षणको रुपमा हरेक दिन राष्ट्रिय ख्यातिप्राप्त कलाकारहरु द्वारा नृत्य,गायन,हास्यब्यङ्गे विशेष प्रस्तुति र विभिन्न सांस्कृतिक कार्यक्रम रहने छन् ।

साथै आधारभुत विद्यालय स्तरीय हाजिरी जवाफ प्रतियोगिता,रस्साकस्सी, घोडा दौड लगायतका विभिन्न प्रतियोगिता पनि रहने कार्यक्रम संयोजक मोहन सिङ तामाङले बताए । माघ ३० गते विहान ठिक ११:३० बजे पहिलो उद्घाटन खेल हुने क्लबका सचिव प्रज्वल क्षेत्रीले जानकारी दिए । खेल सिधिङ खेलकुद मेदानमा हुनेछ ।

# साईबर क्राइम नियन्त्रण सम्बन्धी सचेतनामुलक प्रशिक्षण

**पोखरापत्र संवाददाता**
पोखरा, २९ माघ




सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा केन्द्र माटेपानी पोखरा-१२ को आयोजनामा शनिबार अध्यक्ष धर्मराज आचार्यको अध्यक्षताा एवं पोखरा वडा नं. १३ का वडा का वडासदस्य बल बहादुर बरालको प्रमुख आतिथ्यतामा आर्वाविजय माध्यमिक विद्यालयमा साइबर क्राइम नियन्त्रण सम्बन्धी प्रशिक्षण कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा जिल्ला प्रहरी कार्यालय कास्कीमा कार्यरत प्रहरी सहायक निरीक्षक रबि आचार्यले प्रशिक्षकको भुमिका निर्वाह गर्नुभएको थियो । कार्यक्रम सञ्चालन संस्थाका सचिव बाबुराम सापकोटा ज्युले गर्नुभएको थियो भने उपाध्यक्ष शिव प्रसाद बरालले स्वागत मन्तव्य दिनु भएको थियो ।

# आफ्नै भवनबाट नमस्ते हस्पिटलको सेवा सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २९ माघ



पोखराको मुस्ताङचोकमा नमस्ते हस्पिटल एण्ड रिसर्च सेन्टरले आफ्नै भवनबाट सेवा सुरु गरेको छ ।

स्थापनाको १३ औं बर्षको उपलक्ष्यमा सो नवनिर्मित अत्याधुनिक भवन संचालनमा ल्याइएको हो । करिब १८ करोडको लगानी रहेको सो अस्पतालमा इमर्जेन्सी लगायत २५ शैया रहेका छन् । यस अगाडि पोखरा-१७ बिरौटामा रहेर सेवा दिइरहेको थियो ।

पेट, छाती, मुटु, हाडजोर्नी, नशा, बाथ, जोर्नी प्रत्यारोपण, स्पोर्टस इन्जुरी, स्त्री तथा प्रसुति, निसन्तान (बाझोपन), बालरोग लगायतका विशेषज्ञ सेवाहरु रहेका छन् । अस्पतालमा आईसियुको आवश्यकतालाई महसुस गरी अस्पतालले ६ शय्याको सघन उपचार कक्ष (आईसियु) समेत संचालनमा ल्याएको अस्पतालका निर्देशक प्रा.डा ईश्वरप्रसाद कँडेलले जानकारी दिनुभयो। सो अस्पतालको उद्घाटन गर्दै अस्पतालका अध्यक्ष डा. मनबहादुर गुरुङले चौबिसै घण्टा सेवा दिनुका साथै वार्षिकोत्सवको अवसरमा हस्पिटलमा एक सातासम्म विभिन्न उपचारमा १५ प्रतिशतसम्म छुट रहेको जानकारी दिनुभयो । उहाँले अस्पताललाई विशेषज्ञको सेवा केन्द्रित बनाउने बताउनुभयो ।

अस्पतालबाट कास्की, पर्वत, स्याङ्जा र बाग्लुङ्गा नागरिकले बढी सेवा लिने गरेको अस्पतालका उपाध्यक्ष मदन रञ्जितले बताउनुभयो । त्यस्तै अस्पतालका सञ्चालक सदस्य रुकबहादुर गुरुङले बिरामीहरुको सेवाका लागि मासिक रुपमा नि:शुल्क शिविर क्याम्प समेत राखिने जानकारी दिनुभयो ।

सो अवसरमा बोल्दै पार्दी मा.विका प्राचार्य बामदेब पौडेल, सिद्धार्थ राजमार्ग टोल विकास संस्था अध्यक्ष आत्मा तुलाचन, ग्लोबल आइएमई बैंक गण्डकी प्रदेश प्रमुख सुशोभन देवकोटा लगायतले अस्पतालको सेवालाई छिटो, छरितो, सर्वसुलभ एवं गुणस्तरीय बनाउन सुझाव दिनुभएको थियो । कार्यक्रममा भवन निर्माणमा सहयोग गर्नुभएका डा. राजीव लालचन र उत्कृष्ट कर्मचारी एलिना सिंहलाई सम्मान गरिएको थियो ।

# रोटरी क्लब अफ पोखरा अन्नपूर्णको अध्यक्षमा सइन्द्रराज




**पोखरापत्र संवाददाता**
पोखरा, २९ माघ

रोटरी क्लब अफ पोखरा अन्नपूर्णको हाले सम्पन्न अधिवेशनले आगामी रोटरी वर्ष २०२५/२६ को लागि सइन्द्रराज श्रेष्ठको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत चयन भएको छ ।

क्लबको निवर्तमान अध्यक्षमा भानुभक्त भण्डारी, २०२६/२७ कोलागि मनोनित अध्यक्षमा सरोजनारायण बराल, उपाध्यक्षमा निकेश प्रसाद कर्माचार्य, सचिवमा प्रेमबहादुर भुजेल, कोषाध्यक्षमा माधबी पाण्डे, सहसचिवमा पवित्रा थापामगर, एसजिटि एट आर्म्स शुरेस कुमार ध्वजु, क्लब लर्निङ फ्यासिलेटरमा डिल्लीप्रसाद शर्मा, क्लब सम्पादकमा रिना पौडेल र निर्देशकहरुमा विकाश कुमार श्रेष्ठ, चित्र बहादुर गुरुङ, सन्तोष भण्डारी, प्रिति पाण्डे, बबिन नेपाली चयन भएका निर्वाचन संयोजक तोय बहादुर भट्टराईले बताए । त्यसै गरी क्लब प्रशासन संयोजकमा इश्वरप्रसाद कर्माचार्य, क्लब सर्भिस संयोजकमा तोयबहादुर भट्टराई, क्लब पब्लिक इमेज संयोजकमा लक्की कार्की क्षेत्री, रोटरी फाउण्डेसन संयोजकमा रामप्रसाद वस्ताकोटी र युवा सेवा संयोजकमा युवराज लामिछाने चयन भएका छन् । सो अवसरमा नवनिर्वाचित अध्यक्ष सइन्द्रराज श्रेष्ठले समाज केन्द्रित परियोजनाहरु संचालन गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

# म्याग्दीमा १३९ वटा झोलुङ्गे पुल निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, २९ माघ

म्याग्दीमा सञ्चालित गैरसरकारी संस्था मिलन म्याग्दीको प्राविधिक सहयोग र विभिन्न निकायको आर्थिक लगानीमा जिल्लामा १३९ झोलुङ्गे पुल निर्माण गरिएका छन् ।

मिलन म्याग्दीको बेनीमा सम्पन्न २६औँ स्थापना दिवसका अवसरमा संस्थाका अध्यक्ष दिलमाया बिटालुले उक्त जानकारी दिनुभएको हो । उहाँका अनुसार जिल्ला सदरमुकाम नजिकका गाउँबस्तीका खोला तथा नदीदेखि दुर्गम क्षेत्रमा जान सजिलो बनाउन झोलुङ्गे पुल निर्माण गरिएको हो । जिल्लाको दुर्गम मानिएको धवलागिरि गाउँपालिकादेखि लिएर रघुगङ्गा र अन्नपूर्ण गाउँपालिकाका दुर्गम तथा विकट बस्तीलाई जोड्ने झोलुङ्गे पुल निर्माण गरिएपछि स्थानीयको घण्टौँ लगाएर यात्रा गर्नुपर्ने बाध्यता हटेको तथा यात्रा अवधि छोटिएको उहाँले बताउनुभयो । "झोलुङ्गे पुलबाट समुदायलाई जोड्ने प्रयासमा हामी पनि वर्षौंदेखि आबद्ध छौँ, समुदायमा आधारित कार्यक्रमलाई निरन्तरता दिइरहेका छौँ", उहाँले भन्नुभयो । यसै क्रममा हाले मात्र जिल्लाको धवलागिरि-७ धारापानी र मालिका गाउँपालिका-७ खारा जोड्ने उक्त पुल निर्माण भएपछि २७४ घरधुरीका व्यक्ति लाभान्वित भएका छन् । पुल बनेपछि एक घण्टाको बाटो १५ मिनेटमा छोटिएको छ ।

झोलुङ्गे पुल निर्माण भएपछि विभिन्न बस्तीका बासिन्दालाई सहजै पर्यटन प्रवर्द्धनमा सहयोग पुगेको उहाँको भनाइ छ । चालु आर्थिक वर्षमा मिलन म्याग्दीमार्फत बेनी नगरपालिकामा दुई, मङ्गला गाउँपालिकामा एक, रघुगङ्गा गाउँपालिकामा एक र धवलागिरि गाउँपालिकामा एक झोलुङ्गे पुल निर्माणाधीन अवस्थामा रहेका उहाँले जानकारी दिनुभयो । पुल निर्माण भएपछि स्थानीयको यात्रा छोटिएको र कृषिसहित अन्य घरायसी प्रयोजनका लागि आवश्यक पर्ने सामान ढुवानीमा सहजता भएको बिटालुको भनाइ छ । अहिलेसम्म सरकारले गण्डकी प्रदेशमा दुई हजार २६४ झोलुङ्गे पुल निर्माण भएको स्थानीय पूर्वाधार विभागले जनाएको छ ।

विभागका महानिर्देशक भरतप्रसाद अर्यालका अनुसार १२० मिटरभन्दा लामा झोलुङ्गे पुल सङ्घीय सरकारले र सोभन्दा कम दुरीका झोलुङ्गे पुल प्रदेश तथा स्थानीय तहले बनाउँदै आएका छन् । तीनवटै तहले पुल निर्माण गरेकाले सरकारले धेरै सङ्ख्यामा पुल निर्माण गर्न सकेको हो । झोलुङ्गे पुल निर्माणका लागि लट्ठाबाहेक सबै सामग्री नेपालमै पाइने भएकाले पनि पुल निर्माणमा थप सहजता भएको महानिर्देशक अर्यालको भनाइ छ । पन्ध्रौँ पञ्चवर्षीय योजनामा पनि कमतीमा आधा घण्टा पैदल हिँडेर पुगिने दूरीमा झोलुङ्गे पुल बनाउनुपर्ने उल्लेख छ । सोही लक्ष्यअनुसार सरकारले पहाडी जिल्लामा तर्नलाई सहज बनाउनका लागि झोलुङ्गे पुल निर्माण कार्यलाई तीव्रता दिएको हो । "पहिला झोलुङ्गे पुल नदी तर्नका लागि मात्र हुन्थ्यो", उहाँले भनुभयो, "अहिले नदी तर्नका साथै आवतजावतमा दूरी घटाउने तथा पर्यटकीय दृष्टिकोणले पनि झोलुङ्गे पुल निर्माणको माग हुँदै आएको छ ।"

# लोमन्थाङका विद्यार्थीलाई रोटरी क्लबले दियो न्यानो कपडा

**पोखरापत्र संवाददाता**
पोखरा, २९ माघ

गण्डकी प्रदेशको दुर्गम स्थान हिमाल पारीको जिल्ला मुस्ताङको लोमन्थाङमा संचालनमा रहेको छोन्हुप जिन्जु आधारभुत विद्यालयका विद्यार्थीलाई रोटरी क्लब अफ न्युरोड पोखराले मंगलबार पोखराको हेम्जामा न्यानो कपडा वितरण गरेको छ ।

जाडो मौसममा लोमन्थाङबाट पोखरा झरी घुम्ती विद्यालयको रुपमा हेम्जा-२५, सुइखेतमा अध्ययन गरिरहेका विद्यार्थीहरुलाई जाडोको कपडा आवश्यक भएकाले ४१ थान न्यानो कपडा शिरदेखि पाउसम्मको हुट सेट वितरण गरिएको कार्यक्रमका संयोजक एवं संस्थाका संस्थापक अध्यक्ष शिक्षाविद् रविप्रसाद बरालले जानकारी दिनुभयो ।

त्यसैगरी विद्यालयका प्राचार्य वाङ्दी गुरुङले ६ विद्यालय मर्ज भएर हाल यो विद्यालयमा ४१ जना विद्यार्थी रहेको जानकारी दिनुहुँदै रोटरी क्लबको प्रसंशा गर्नुभयो ।

चिसो सुरु भएपछि लोमन्थाङबाट पोखरा झरेका विद्यार्थीहरु बैशाखको पहिलो हप्तामा मात्र लोमन्थाङ जानेछन् ।

कार्यक्रममा क्लबका अध्यक्ष दिपेन्द्र शर्मा रोटरी क्लबले शिक्षा र स्वास्थ्यमा काम गर्दै आएको बताउनुभयो ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाव | तुला | : कार्यमा सफलता |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : झमेला बढ्ने | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शुभ यात्रा | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : स्वास्थ्यमा सुधार | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला पोखरा महानगर पालिका वडा नं. २९ निवासी भारतीय भू.पू.सै.नं ५८४४९६७Y का हवल्दार लाल बहादुर शाही ४/९ जि.आर.को श्रीमतीको नागरिकतामा नामथर सुकु माया शाही (SUKU MAYA SAHI) जन्ममिति २०४६।०१।३० गते २९ वर्ष उल्लेख भएको तर पेन्सन अभिलेखमा नामथर SURU MAYA SAHI जन्म मिति 06-01-1959 A.D. उल्लेख भइ फरक परेतापनि व्यक्ति एउटै भएको व्यहोरा सिफारिस साथ अनुरोध गरिन्छ भनी पोखरा महानगरपालिका २९ नं. वडा कार्यालय, कास्कीको च.नं. २२९५ मिति २०७५।१२।२८ को सिफारिसपत्र साथै जिल्ला प्रहरी कार्यालय, कास्कीको च.नं. ६००२ मिति २०७५।१२।२९ को सर्जमिन मुचुल्काबाट लेखि आएकोले नियमानुसार हुन अनुरोध छ ।
**जिल्ला प्रशासन कार्यालय, कास्की**

# मादी गाउँपालिकामा हुने सौँथर बेँसी टारी बजार मेला तयारी पुरा

**पोखरापत्र संवाददाता**
पोखरा, २९ माघ

कास्कीको मादी गाउँपालिका वडा नम्बर ८ नागीधार, पाखुरीकोट गाँउ र १० भाचोक गाउँको संगम बेँसीको रुपमा रहेको सौंथर बेँसी (सुन्दर बेँसी) मा हुने सौंथर बेँसी टारी बजार मेलाको तयारी पुरा भएको छ ।

मेलाको सम्पूर्ण तयारी पुरा भएको मेला संयोजक तथा सौंथर बेँसी विकास समितिका प्रथम उपाध्यक्ष आस बहादुर गुरुङले जानकारी दिए । 'मेला सम्पन्न गर्न गठित विभिन्न उपसमितिले आ-आफ्नो जिम्मेवारी पुरा गरिसकेका छन्' संयोजक गुरुङले भने, 'सबैको सहयोगको कारण मेला सभ्य र भव्य रुपमा सम्पन्न हुने हामीले अपेक्षा गरेका छौ ।' तेस्रो संस्करणको मेला फागुन १ र २ गते सम्म चल्ने छ । सौंथर बेँसी जाऔं, टारी बजार मेलामा सहभागी बनौं र त्यस आसपास क्षेत्रको कृषि पर्यटन प्रवर्धन गरौ भन्ने मुल नाराका साथ सौंथर बेँसी विकास समितिले मेला आयोजना गर्न लागेको हो । मेलामा कृषि कार्यक्रमहरु तर्फ गोरु जुधाईं प्रतियोगिता, साथै गोरु प्रदर्शन एवं किनबेच साटासाट , खसी बोका बाख्रा, मह, घ्यु, आलु, तरकारी, माछा लगायत कृषि वस्तु तथा पशुको प्रदर्शन तथा किनबेच समेत हुने मेलाका सहसंयोजक तथा सौंथर बेँसी विकास समितिका कार्यसमिति सदस्य नन्दलाल अधिकारीले जानकारी दिए ।

त्यस्तै खेलकुद प्रतियोगिताहरु तर्फ खुल्ला फाइव ए साइड पुरुष फूटबल, खुल्ला पुरुष छेलो फाल्ने, खुल्ला पुरुष तथा महिला रसी तान्ने रहेका छन् भने सांस्कृतिक कार्यक्रमहरु तर्फ ३० बर्ष भन्दा माथि उमेर समूह र ३० बर्ष भन्दा कम उमेर समूहको छुट्टछुट्टै खुल्ला सामूहिक नृत्य प्रतियोगिता, स्थानीय गाउँहरुको आमा समूह नाच, युवा क्लबको ठेटार नाच, घाँटु नाच, कृष्ण चलित्र नाच, स्थानीय दोहोरी तथा गायक गायिकाहरुको गायन, भजन लगायत प्रस्तुति रहने मेलाका सहसंयोजक तथा सौंथर बेँसी विकास समितिका आजीवन सदस्य बेद बहादुर गुरुङले जानकारी दिए ।

गत बर्ष राखिएको गोरु जुधाईं प्रतियोगिताले दर्शक तथा गोरु पाल्ने किसानहरुलाई निकै आकर्षण गराएको हुँदा यस बर्ष सो प्रतियोगिता विशेष रुपमा गरिने सौंथर बेँसी विकास समितिका सचिव डील्लीराज गिरीले बताए । गत बर्ष गोरु जुधाईं प्रतियोगितामा २० गोरु सहभागि रहेकोमा स्थानीय पदम बहादुर बिकको गोरु प्रथम र प्रदिप गिरिको गोरु द्वितीय भएको गिरीले जानकारी दिए । त्यस्तै शैक्षिक कार्यक्रमहरु तर्फ कक्षा १ देखि ३ सम्मका विधार्थीहरुका लागि खुल्ला श्रुति लेखन प्रतियोगिता, कक्षा ४ देखि ८ सम्मका विद्यार्थीका लागि सौंथर बेँसी परिसरमा कृषि पर्यटन प्रवर्द्धनको सम्भावना शीर्षकमा वक्तित्वकला प्रतियोगिता राखिएको सौंथर बेँसी विकास समितिका द्वितीय उपाध्यक्ष दिर्गमान गुरुङले जानकारी दिए । मेला लाई सफल पार्न विभिन्न उपसमितिहरु समेत गठन गरिएको प्रचारप्रसार संयोजक दिपकजंग गुरुङले जानकारी दिए । मेला सञ्चालनक गर्त करिब ५ लाख खर्च लाग्ने समितिका कोषाध्यक्ष रमा क्षेत्रीले बताइन् ।

३५ वर्स अघि त्यस भेककै प्रख्यात रुपमा रहेको सो टारी बजार मेला विविध कारण हराउन पुगी स्थगित भएपछि गत २०७९ सालबाट थप परिस्कृत गर्दै पुन: शुरुवात गरिएको छ । २०७९ सालमा त्यस भेकका सामाजिक अगुवाहरुको पहलमा सौंथर बेँसी विकास समिति जिल्ला प्रशासन कार्यालय कास्कीमा विधिवत रुपमा दर्ता गराइ सो समितिले मेलालाई पुन ब्युताउने काम गरेको मादी - ८ का जनप्रतिनिधि तथा सौंथर बेँसी विकास समितिका अध्यक्ष ओम प्रकाश गुरुङले जानकारी दिए । गत २०७९ र २०८० सालमा दर्शकहरुको उत्साहजनक सहभागिता बीच ३ दिन सम्म मेला चलेको थियो ।

# पाँच हजार कुखुरापालनमा सुवेदी, मासिक पाँच लाख बचत

**पोखरापत्र संवाददाता**
बागलुङ, २९ माघ

बागलुङका सुरथ सुवेदी व्यावसायिक कुखुरापालनमा १८ वर्षदेखि लाग्दै आउनुभएको छ ।

जिल्लाको बागलुङ नगरपालिका-६ मा घर भई हाल वडा नं १३ को भाटेखोलामा धौलागिरि कृषि दाना एण्ड पोल्ट्री फार्म सञ्चालन गर्दै आउनुभएका सुवेदीको व्यावसायिक कुखुरापालनबाट मासिक रु पाँच लाख बचत गर्दै आउनुभएको छ ।

एकाउन्न वर्षीय सुवेदीले १८ वर्षमा थुप्रै असफलता व्होर्दै सफलतामा पुगेको बताउनुभयो । उहाँले १० वर्षयता बागलुङ र त्यसभन्दा अघि चितवनमा कुखुरा पाल्दै आउनुभएको हो ।

अहिले उहाँको कुखुरा फार्ममा पाँच हजार पाँच सय कुखुरा छन् । सरदरमा दैनिक पाँच हजार अण्डा बजारमा त्रिका लागि जाने सुवेदीले जानकारी दिनुभयो । "धेरै पटक असफलता व्होर्नु पऱ्यो, त्यही असफलताबाट पाठ सिकेर अघि बढ्दा सफलता पाइदोरहेछ", उहाँले भन्नुभयो, "हार मानेको भए, अहिले व्यवसाय छाडिसकेको हुन्थें, निरन्तरको प्रयासले यहाँसम्म ल्याएको छ । अहिले मासिक रु पाँच लाख बचत हुन्छ, गत वर्ष कुखुराले अण्डा नदिँदाको घाटा अहिले पूरा गर्दैछु ।" उहाँले विसं २०६३ मा चितवन गएर सुरुमा बोइलर जातको कुखुरा पाल्न थाले पनि पछिल्लो १० वर्षयता लियर्स जातको कुखुरा पाल्दै आउनुभएको छ । चितवनमा निरन्तर सफलता हाँसिल गर्दै गए पनि १३ हजार कुखुरा बर्डफ्लुका कारण मेरेपछि फर्केर बागलुङ आएको सुवेदीले बताउनुभयो । "मनग्ये आम्दानी कमाई भइरहेको थियो तर एकैपटक बर्डफ्लु आएपछि सबै घाटामा गयो, त्यसले निराश भएर बागलुङ फर्के, त्यसयता राम्रो भइरहेको थियो, गत वर्ष कुखुराका चल्लाले अण्डा नदिएपछि रु ६० लाख घाटा पऱ्यो । अहिले राम्रो छ, पोहोरको घाटालाई अहिलेको नाफाले सघाएको छ", उहाँले भन्नुभयो । लामो समय हुर्काएका कुखुराले अण्डा नदिँदा घाटा भएको उहाँको भनाइ छ । विसं २०७० मा पाँच जनाको समूहले भाटेखोलामा लेयर्सजातको कुखुरा पाल्न थाले पनि अहिले आफू नो निजी फार्म सञ्चालन गरेको सुवेदीले बताउनुभयो । उहाँका अनुसार उक्त फार्ममा अहिलेसम्म रु ६० लाख लगानी भइसकेको छ । कृषिमा उल्लेख्य नतिजा प्राप्त गर्न प्राविधिक ज्ञानसमेत हुन आवश्यक रहेको उहाँले उल्लेख गर्नुभयो । "पोहोर५२ सय चल्ला हालें, तर एक सय ५० वटाले मात्र अण्डा पारे अरुले पारेनन्, ११ महिनाको अवधिमा राम्रो अण्डा नआउँदा र दाना खर्चमा झण्डै रु ७० लाख घाटा भयो", सुवेदीले भन्नुभयो, "यो पेसामा निकै जोखिम छ, तर प्राविधिक रूपमा जानकारी भएमा आम्दानी प्रशस्त गर्न सकिन्छ । जोखिम नियन्त्रणका लागि केही रकम सङ्कलन गर्नसके हो भने घाटा छैन, अहिले मासिक रु पाँच लाख नाफा हुन्छ, अण्डाको मूल्य मनग्ये पाइएको छ ।" फार्ममा उत्पादित अण्डा आफैँले गाडीमार्फत म्याग्दी, पर्वत र बागलुङ बजारमा बिक्री गर्दै आएको उहाँले बताउनुभयो ।

बजारमा हुने अस्वस्थ प्रतिस्पर्धा, सरकारको सहयोगमा कमी, कृषि गर्नेप्रति समाजको नकारात्मक दृष्टिकोणलगायत कारणले कृषि क्षेत्र फस्टाउन नसकेको बताउँदै प्राविधिक सहयोग निरन्तर पाउनुपर्नेमा सुवेदीले जोड दिनुभयो ।

फार्ममा श्रीमती शिला सुवेदीले निरन्तर साथ र उत्प्रेरणा दिँदै आउनुभएको छ । सुवेदी परिवारले २२ रोपनी जग्गा वार्षिक रु ६० हजार भाडामा लिएर फार्म सञ्चालन गर्दै आएको छ ।

# सेवाग्राही विदेशिएपछि पन्ध्र हजार परिचयपत्र थन्कियो

**पोखरापत्र संवाददाता**
बागलुङ, २९ माघ

सेवाग्राही परिचयपत्र लिन नआएपछि जिल्ला प्रशासन कार्यालय बागलुङमा १५ हजार आठ सय ३८ राष्ट्रिय परिचयपत्र थन्किएका छन् ।

राष्ट्रिय परिचयपत्रको फारम भरेर अधिकांश व्यक्ति विदेशिएका कारण परिचयपत्र लिन नआएको कार्यालयका प्रशासन शाखामा कार्यरत कर्मचारी रामप्रसाद उपाध्यायले जानकारी दिनुभयो । उहाँले नयाँ परिचयपत्रका लागि दैनिक दुई सयसम्म सेवाग्राही आउने भए पनि तयारी अवस्थामा रहेका परिचयपत्र लिन भने न्यूनमात्र आउने गरेको जानकारी दिनुभयो । दैनिक २० देखि ५० जना सेवाग्राही मात्र परिचयपत्र लिन आउने गरेकाले थुप्रो लागेको हो । अहिले वडा तहमा राष्ट्रिय परिचयपत्रका लागि विवरण सङ्कलनको काम भइरहेको छ । जिल्ला प्रशासनमा अहिलेसम्म २८ हजार आठ सय ८५ राष्ट्रिय परिचयपत्र तयार भएर आइसकेको उपाध्यायले बताउनुभयो । तीमध्ये जम्मा १३ हजार ४७ परिचयपत्र मात्र सेवाग्राहीले लगेका छन्भने १५ हजार आठ सय



३८ परिचयपत्र प्रशासनमै रहेको बताउनुभयो । परिचयपत्र लिनका लागि स्वयं व्यक्ति नै आउनुपर्ने र पुन: बायोमेट्रिक गर्नुपर्ने भएकाले परिचयपत्र वितरणको सङ्ख्या न्यून भएको हो । परिचयपत्र वितरणका लागि गलकोट नगरपालिकामा शिविर गर्ने तयारी जिल्ला प्रशासन कार्यालय बागलुङको रहेको छ । परिचयपत्र चाङ लाग्दा भण्डारणमा समस्या भएको जनाइएको छ ।

राष्ट्रिय परिचयपत्रविरुद्धको सर्वोच्चको रिट खारेजीको निर्णयपछि सरकारले तोकेका हरेक कामका लागि अब राष्ट्रिय परिचयपत्र अनिवार्य भएको छ । नेपाली नागरिकता प्रमाणपत्रको कमीकमजोरी हटाउन तथा मुलुकको सुरक्षा व्यवस्थालाई चुस्तदुरुस्त बनाउन अन्तराष्ट्रिय मापदण्डको डिजिटल कार्डका रूपमा प्रयोग गर्न सकिने राष्ट्रिय परिचयपत्रमा बाहकको १० औठाछाप अङ्कित व्यक्तिको पहिचान समेटिन्छ । चिपसहितको कार्डमा प्रिन्ट हुने यसमा वैयक्तिक र जैविक विवरण समेटिने छ ।

एउटै डिजिटल कार्डमा नागरिकका सबैखाले विवरण समावेश गरिने भएकाले नागरिकता, लाइसेन्स, फोटोसहितको मतदाता परिचयपत्र र जग्गाधनी पुर्जाजस्ता सामग्री बोकेर हिँड्ने झन्झट हुँदैन । राष्ट्रिय परिचयपत्रमा व्यक्तिको जन्मदेखि मृत्युसम्म दर्ता हुने व्यक्तिगत घटनाको विवरण पनि समावेश हुन्छ । राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका अनुसार कुनै पनि व्यक्तिको जन्मदेखि नै राष्ट्रिय परिचयपत्रलाई अनलाइन सिष्टममा लगेर व्यवस्थित गरिने छ ।

# मुस्ताङको लुरी गुम्बा ओझेलमा

**पोखरापत्र संवाददाता**
म्याग्दी, २९ माघ

मुस्ताङको लोघेकर-दामोदरकुण्ड गाउँपालिका-४ मा पर्ने यारामा रहेको ऐतिहासिक महत्वको लुरी गुम्बा ओझेलमा परेको छ ।

धार्मिक, ऐतिहासिक महत्वका बारेमा प्रचारप्रसार अभावमा ओझेल परेको आठ सय वर्ष पुरानो गुफाभित्र रहेको गुम्बा संरक्षणको पनि पर्खाइमा छ । गुम्बाकी आनी थाक्पा ढोल्करका अनुसार तान्त्रिक बौद्ध धर्मसँग नजिक निङ्मापा सम्प्रदायको लुरीघाङ गुम्बा १२औं शताब्दीमा बनेको हो । समुद्री सतहबाट करिब चार हजार मिटर उचाइमा याराको पूर्वी कुनाको पहराको चेपमा रहेको लुरी गुम्बा अनौठो धार्मिक सम्पदा हो । गोरेटो र सिँढी हुँदै पहाडको बीच भागमा रहेको तीनवटा गुफामा रहेको गुम्बामा पुगिन्छ । आँगनमा पुग्ने बेलामा काठको भऱ्याङ राखिएको छ । गुम्बाको मुख्य भाग, लामाको तपस्यास्थल पहराभित्र छिरेको गुफामा रहेको छ । लुरी गुम्बाको छोर्तेन प्राकृतिक भएको आनी ढोल्करले बताउनुभयो । आकर्षक भित्तेचित्र भएको छोर्तेनको वरपर परिक्रमा गर्न मिल्ने सानो भाग पनि छ । यहाँका चित्रहरू पन्ध्रौं शताब्दीमा बनाइएको हो । पहराको ढुङ्गालाई नै थामको रूप दिई बनाइएकाले गुम्बामा भित्तेचित्र, पुस्तक, पुराना थाङ्का र पद्मसम्भवको मूर्ति रहेको छ । भुटानी कन्या विवाह गरेका तत्कालीन ल्होका राजाले आफ्नी पत्नीलाई खुसी पार्न लुरी गुम्बा बनाएको इतिहास छ । स्थानीयवासीले यसलाई लुरी काबुङ भन्ने गर्छन् । अर्को किंवदन्तीअनुसार यारागाउँमा जन्मिएका उद्धने सिद्ध पाएका कुन्छाङ झ्लु नाम गरेका लामाले तपस्या गरेर ज्ञान आर्जन गरेका थिए । गुम्बापारिको पहाडको चुचुरोलाई स्थानीयवासी कुन्छाङ झ्लु लामाको बासस्थान मान्ने गरेका छन् । मुख्य गुम्बाभन्दा केही तल पेयुङखोलाको किनारमा अर्को गुम्बा पनि बनाइएको छ । दुवै ठाउँको गुम्बामा नियमित पूजाआजा हुने आनी ढोलकरले बताउनुभयो । लुरी गुम्बाको नजिकैको यारा र घारागाउँमा धर्मशाला र होटलको सुविधा छ । लोघेकर दामोदरकुण्ड गाउँपालिकाको केन्द्र चराङबाट ध्यखोला, ध्ये, सुर्खाङ, यारा हुँदै एक घण्टा सवारीसाधनको यात्रापछि पुगिने घारागाउँबाट २० मिनेटको पैदलयात्रा गरेपछि दामोदरकुण्ड जाने बाटोमै रहेको लुरी गुम्बा पुगिन्छ । लोमान्थाङबाट लुरी सर्किट पदमार्गको प्रयोग गरेर पनि यहाँ जान सकिन्छ । चराङबाट घारा जाने क्रममा ध्ये, सुर्खाङ र यारागाउँ, अनौठा आकृति भएको पहाड अवलोकन गर्न पाइन्छ । लोघेकर दामोदरकुण्ड गाउँपालिका र गण्डकी प्रदेश सरकारले सडकबाट लुरी गुम्बा पुग्ने ढुङ्गाको सिँढी चिनेर पदमार्ग बनाएका छन् । गाउँपालिका र प्रदेश सरकारको रु १५-१५ लाख बजेटमा उकालोमा करिब तीन सय मिटर पक्की पदमार्ग निर्माण भएको वडाध्यक्ष पासाङ गुरुङले बताउनुभयो । यस वर्ष सार्वजनिक शौचालय बनाउन रु पाँच लाख बजेट विनियोजन गरेको वडाध्यक्ष गुरुङले बताउनुभयो ।


## Phedikhola Rural Municipality
## Office of Rural Municipal Executive
### Phedikhola, Syangja
### Gandaki Province, Nepal

**Invitation for Sealed Quotations for the Procurement of Metal Stands**

Sealed Quotation No: 17/081/82/PRM
Date of first Publication: 12-February-2025

1. The Phedikhola Rural Municipality invites sealed quotations from registered suppliers for the Fabrication, supply, delivery and installation of metal stands for beehive (Size 45 cm x 50 cm x 70 cm) to the farmers of Phedikhola Rural Municipality, Syangja under contract ID: 32-PRM-G-SQ-081-82-17.
2. Eligible suppliers may obtain further information and inspect the sealed quotation forms/documents at the Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja, Gandaki Province, Nepal; Phone: 063402053; email: phedikhola174@gmail.com
OR
may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Complete set of sealed quotation documents may be purchased from the Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja by eligible bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, VAT registration certificate, tax clearance certificate, business registration certificate, and upon payment of a non-refundable fee of NRs.1000.0 till 27-February-2025 during office hours.
4. Bidders who choose to submit their bid electronically may download the sealed quotations documents for e-submission from PPMO's e-GP i.e www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account and scanned copy of voucher of cost of quotation document should be attached in PDF form with their bid.
i. Name of the bank: Prime Bank Ltd. ii. Name of office: Phedikhola Rural Municipality
iii. Office Account No: 06501000000030800180 iv. Account Name: Internl revenue account of Phedikhola Rural Municipality
5. Sealed quotations must be submitted to the Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja, Gandaki Province, Nepal by hand or through e-GP system i.e. www.bolpatra.gov.np/egp, on or before 12:00 hrs. of 02-March-2025. Sealed quotations received after this deadline will be rejected.
6. The sealed quotations/bids will be opened in the presence of bidders' representatives who choose to attend at 02-March-2025 on 12:00 hrs. at the Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja, Nepal.
Sealed quotations/bids must be valid for a period of 45 days after SQ/bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs. 27,000, which shall be valid for 30 days beyond the validity period of the bid/SQ. If suppliers wish to submit the cash as bid security, the cash should be deposited in Dharauti Account No. 06501000000003600179 at Prime Bank Ltd., Phedikhola, Syangja and submit the voucher of the deposited amount of cash along with the Sealed Quotation. In case of e-submission the scanned copy of bid security or Dharauti cash deposit voucher in PDF format should be submitted with the bid/SQ.
7. If the last date of purchase and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid/SQ security shall remain the same as specified for the original last date of bid submission
8. The Purchaser reserves the right to accept or reject, wholly or partly, any or all the Sealed Quotations without assigning any reason whatsoever.